# दूर शिक्षा तथा खुला विद्यालय सञ्चालन सम्बन्धी अवस्था र भावी कार्यदिशा

गोविन्दप्रसाद अर्याल
उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी

**लेखसार**

**शिक्षा प्रत्येक व्यक्तिका लागि आवश्यक छ र निरन्तर आवश्यक छ । प्रत्येक व्यक्तिको रुचि, क्षमता, आवश्यकता साथै भौगोलिक, सामाजिक, सांस्कृतिक लगायतका विविधताका आधारमा शिक्षा प्राप्त गर्ने आधार, स्रोत, माध्यम फरक फरक हुन सक्छ । नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गरेको छ जसबाट प्रत्येक व्यक्तिको पहुँचमा शिक्षा व्यवस्था गर्नु राज्यको दायित्व पनि हो । समयको परिवर्तन, विज्ञानका नयाँ नयाँ आविष्कार, सूचना प्रविधिको द्रुत विकास, बदलिंदो मानवीय रुचि, बजारको विस्तार, भूमण्डलीकरणको प्रभावका साथै राजनीतिक, सामाजिक, सांस्कृतिक पक्ष भित्रका विविध सोच र प्रवृत्तिले ज्ञानको क्षेत्र विस्तार भएको छ । व्यक्तिको उमेर, पेसा, रुचि, क्षमता, आवश्यकता, समयअनुसार फरक फरक ज्ञान, सिप, क्षमताको आवश्यकता पर्दछ । निश्चित स्थान, समय र विषयमा आधारित औपचारिक शिक्षाले सबैको आवश्यकता र चाहना पुरा गर्न सक्दैन ।**

**शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । व्यक्तिको जीवनको जुनसुकै उमेर र अवस्थामा समेत शिक्षाको आवश्यकता हुन्छ । औपचारिक प्रमाणपत्र र रोजगारीको लागि मात्र नभई जीवन निर्वाहका लागि समेत शिक्षा जीवनपर्यन्त आवश्यक छ । शिक्षाले योग्यता, क्षमता, पहिचान र प्रभुत्व बढाउँछ । यसर्थ शिक्षा सबैका लागि निरन्तर आवश्यक छ । शिक्षा लिनेदिने पद्धति औपचारिक, अनौपचारिक वा अनियमित हुन सक्छ । ज्ञानको व्यापक विषयक्षेत्र तथा व्यक्तिको रुचि, क्षमता र आवश्यकताका आधारमा औपचारिकभन्दा अनौपचारिक वा अनियमित शिक्षाको महत्त्व ज्यादा देख्न सकिन्छ । सिकारुको पहुँच, अवसर, समय, स्रोत लगायतका पक्षको सीमितताले दूर शिक्षा तथा खुला सिकाइका कार्यक्रम थप महत्त्वपूर्ण र उपयोगी हुन सक्छ ।**

**शिक्षामा सबैको पहुँच बढाउनका लागि परम्परागत शिक्षा प्रणालीका विकल्प खोज्ने क्रममा दूर तथा खुला सिकाइ पद्धतिको विकास भएको हो । यो लचिलो व्यवस्थापन एवम् सिकारु केन्द्रित शिक्षा पद्धति हो । पेसागत संलग्नता, आर्थिक विपन्नता, भौगोलिक विकटता, पारिवारिक संलग्नता तथा अन्य कारणले अध्ययनलाई बिचमै छाडी रोजगारमा लाग्न बाध्य समूह तथा शिक्षाको अवसरबाट बञ्चित अथवा शिक्षा आर्जनका नयाँ उपायको आवश्यकता भएका समूहलाई आफ्नै अनुकूलको समय, स्थान, क्षमता र गतिमा सिक्ने परिवेश सिर्जना गर्नका लागि खुला विद्यालयको अवधारणा ल्याइएको हो ।**

## दूर शिक्षा

सिक्ने र सिकाउने व्यक्तिहरू दुई भिन्न भिन्न स्थान र समयमा बसेर विभिन्न श्रव्य, दृश्य, श्रव्य दृश्य जस्ता सामग्रीहरूको माध्यमबाट शिक्षा प्रदान गर्ने विधि दूर शिक्षा हो । यो निर्धारित सङ्गठनात्मक र संरचनात्मक स्वरूप एवम् निर्धारित पाठ्यक्रम र उद्देश्यमा आधारित हुन्छ । सिकारुको स्वतन्त्रताभन्दा पनि सङ्गठनको उद्देश्य र निर्देशनमा आधारित यस पद्धतिमा निश्चित माध्यमको उपयोगबाट सिकारुसम्म सिकाइका आधारहरू प्रदान गरिन्छ । यसरी निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित माध्यमबाट निश्चित समयमा

सिकाइ सङ्गठनभन्दा टाढा रहेर शिक्षा हासिल गर्ने प्रक्रिया दूर शिक्षा हो ।

## खुला शिक्षा

जुनसुकै समय, परिस्थिति, स्थान, सामग्रीका आधारमा सिकारुका रुचि, आवश्यकता, क्षमताबमोजिमको सिकाइ पद्धति खुला शिक्षा हो जुन निश्चित आधारमा प्रमाणीकरण गर्न सकिन्छ । खुला शिक्षा विद्यमान शिक्षा हासिल गर्ने औपचारिक नीति नियम वा बन्धनमा नरही कार्यथलोमा नै बसेर काम र अध्ययनलाई आफ्नो गतिअनुसार हासिल गरिने शिक्षा हो । उमेरको हिसाबले खुला, समयको हिसाबले खुला, शिक्षण विधिको हिसाबले खुला, स्थानको हिसाबले खुला र सिकारुको गतिको हिसाबले खुला, भर्ना प्रक्रियामा पूर्व निर्धारित सर्तहरू लागु नहुने शिक्षा हासिल गर्ने यो एउटा वैकल्पिक शिक्षा पद्धति हो

## दूर शिक्षा तथा खुला सिकाइका विशेषता

- विभिन्न उमेर समूहका विविध कारणले विद्यालय शिक्षाको पहुँच र अवसरबाट बञ्चित भएका व्यक्तिका लागि आधुनिक तौरतरिका, पद्धति, उद्देश्य, मूल्याङ्कन आदिको प्रयोगबाट सञ्चालन गरिएको शिक्षण सिकाइ प्रक्रिया
- सिकारुको स्वतन्त्र स्वअध्ययनबाट सिक्ने सिकाइ
- औपचारिक रूपमा विद्यालय शिक्षा प्राप्त गर्नका लागि भौगोलिक विकटता, समय अभाव, आर्थिक अभाव, उमेर, रुचि र आवश्यकता आदिका कारण शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिलाई उनीहरूको आवश्यकता तथा रुचिअनुरूपको शिक्षा प्राप्तिका लागि गरिएको व्यवस्था
- औपचारिक नीति नियम र बन्धन भन्दा केही स्वतन्त्र, सीमित पूर्वाधार र पूर्व शैक्षिक अनुभवका आधारमा शिक्षा लिने प्रक्रिया
- दूर शिक्षा तथा खुला सिकाइलाई दोश्रो विद्यालयी  अवसर (second chance of schooling) ।

## दूर तथा खुला शिक्षाको उद्देश्य

- देशका सबै नागरिकलाई शिक्षाको समान अवसर प्रदान गर्नु
- रोजगारमूलक, सिपमूलक, व्यवस्थापकीय सिप सिकाउन मुलुकका विभिन्न तह, वर्ग र तप्काका मानिसलाई अवसर प्रदान गर्नु
- औपचारिक शिक्षामा आउन नसकेको व्यक्तिलाई शिक्षाको पहुँच दिलाउनु
- पेसा तथा व्यवसायमा संलग्न व्यक्तिलाई पेसागत तथा व्यवसायिक सिप विकासको अवसर प्रदान गर्नु
- आफूले चाहेको ठाउँमा जान नसक्ने तथा रोजेको विषय लिन नसक्ने अवस्थाका व्यक्तिलाई समेत शिक्षामा अवसर प्रदान गर्नु
- देशमा भएका सीमित स्रोत र साधनको बाबजुद पनि शिक्षाको अवसर फराकिलो पार्नु
- परिवर्तित विश्वमा आएका नवीनताहरूको निरन्तर जानकारी प्रदान गर्नु
- औपचारिक शिक्षामा हुने जनदबाब र खर्चमा कमी ल्याउनु

## लक्षित वर्ग

- कक्षा वा तहअनुसारको उमेर पार गरेका, नियमित विद्यालय वा विश्वविद्यालयमा अध्ययन गर्न छाडेका, आर्थिक, सामाजिक, भौगोलिक, पेसा, व्यवसाय, संस्कृति, द्वन्द्व, घरायसी जिम्मेवारी, विवाह, समयको अभाव आदिका कारणले गर्दा शिक्षाको अवसर नपाएका व्यक्तिहरू
- वैकल्पिक माध्यमबाट शिक्षा आर्जन गर्न चाहने व्यक्तिहरू

- पिछडिएको वर्ग
- दुर्गम ठाउँमा बसोबास गर्नेहरू
- विद्यालय वा कलेजमा नियमित उपस्थित हुन नसक्नेहरू
- अध्ययन अनुसन्धानकर्ता
- पेसागत विकास गर्न चाहनेहरू
- पेशागत ज्ञान, सिप, क्षमता आर्जन गर्न चाहनेहरू
- पेसामा व्यस्त हुने तर उच्च अध्ययन गर्ने इच्छा भएका समूह

## दूर तथा खुला शिक्षाको सान्दर्भिकता/आवश्यकता

दूर शिक्षा तथा खुला सिकाइ वर्तमान अवस्थामा झनै उपयोगी र सान्दर्भिक हुँदै गइरहेको छ । गरिबीका कारण विद्यालयमा हुने ठुलो मात्राको शैक्षिक असफलता, विभिन्न कारणले विद्यालय छोड्न बाध्य युवा तथा प्रौढको सङ्ख्यात्मक वृद्धि, खेतीपाती या घरायसी काममा व्यस्त भई जीवन निर्वाह गर्नुपर्ने व्यक्तिको बाहुल्य, शिक्षाको अवसर सबै ठाउँमा समान **रू**पमा वितरण हुन नसक्नु, विगतको **द्वन्द्व**को चपेटामा परी आफ्नो पढाइलाई गन्तव्यमा पुऱ्याउन नसक्ने व्यक्तिहर**ू**का आवश्यकता आदि विविध कारणले हाम्रो जस्तो मूलुकमा दूर तथा खुला सिकाइ बढी सान्दर्भिक/आवश्यक हुने देखिन्छ ।

- विभिन्न कारणले औपचारिक शिक्षाको अवसरबाट बञ्चित सिकारुलाई खुला शिक्षामार्फत प्रथामिक तथा आधारभूत, माध्यमिक र उच्च शिक्षाको अवसर प्रदान गरिने हुँदा स्रोत, साधन, समय, अवसरबाट बञ्चितलाई शिक्षाको अवसर प्रदान गर्न
- शिक्षामा सबैको पहुँच विस्तार गर्न
- नवीनतम् ज्ञान तथा प्रविधिलाई स्थानीय ज्ञानसँग मिलान गर्न, सिकारुका रुचि, इच्छा र आवश्यकतालाई मध्यनजर गरी शिक्षा दिन
- शैक्षिक लगानीको प्रभावकारिता बढाउन
- विभिन्न निकाय तथा संस्थामा कार्यरत व्यक्तिको पेसागत विकास गर्न
- रोजागारी, व्यवसाय लगायत विभिन्न कारणले विद्यालय शिक्षाको अवसरबाट बञ्चित समूहको आवश्यकताअनुरूप शिक्षा प्रदान गर्न
- नियमित कक्षामा पुरा समय दिन असमर्थ हुनेहरूका लागि स्वाध्यायनबाट न्यूनतम् आवश्यकता पुरा गरेर शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न
- भौगोलिक दृष्टिले अति विकट क्षेत्र तथा शैक्षिक, सामाजिक, आर्थिक कारणले पिछडिएका जनसमुदायको शैक्षिक अवसर सुनिश्चित गर्न

## दूर तथा खुला सिकाइका मोडेलहरू/तरिकाहरू

- पत्राचार शिक्षा
- स्वतन्त्र अध्ययन
- सम्पर्क कक्षा
- आत्म शिक्षण
- सिकारु केन्द्रित
- कार्यस्थल अनुभवमा आधारित
- सिकाइमा लचकता

- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण र सिकाइ
- अनलाइन सिकाइ

## दूर तथा खुला सिकाइको ऐतिहासिक पृष्ठभूमि

- सन् १८४० मा बेलायतबाट पत्राचार शिक्षाको माध्यमबाट दूर शिक्षाको सुरुआत भएको मानिन्छ ।
- यस्तै सन् १९८५ मा भारतमा इन्दिरा गान्धी राष्ट्रिय खुला विश्व विद्यालय, श्रीलङ्कामा सन् १९७८ मा श्रीलङ्का खुला विश्व विद्यालय, बङ्गलादेशमा सन् १९८५ मा अलाम इकबाल खुला विश्व विद्यालय, चीनमा सन् १९७९ र सन् १९८५ मा जापानमा ह्वाको विश्व विद्यालय स्थापना भएको पाइन्छ ।
- नेपालमा कलेज अफ एजुकेसनको प्रौढ शिक्षा शाखाबाट सन् १९५७(२०१४) मा युवाहरूका लागि रेडियोबाट प्रसारण गरिएको शैक्षिक रेडियो कार्यक्रमबाट खुला तथा दूर शिक्षा पद्धतिको अवधारणा सुरु भएको मानिन्छ । यसपछि पत्राचारको माध्यमबाट शिक्षक तालिम सञ्चालन भएको थियो ।
- सन् १९७८ (२०३५) मा रेडियो शिक्षा शिक्षक तालिम आयोजनाको सुरुवात भयो र यस अयोजनाबाट सन् १९८० (भाद्र २,२०३७) मा सेवाकालीन प्राथमिक शिक्षकका लागि रेडियोबाट 'बी लेभल' तालिमका विषय वस्तु प्रसारण भएको थयो ।
- वि.सं. २०४५ देखि रेडियो शिक्षा शिक्षक तालिम आयोजनाले दूर शिक्षा विधिमार्फत प्राथमिक शिक्षक तालिम सञ्चालन गर्दै दूर शिक्षा केन्द्रको स्थापना कालसम्म सञ्चालनमा रह्यो ।
- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख भएअनुसार खुला तथा दूर शिक्षा प्रणालीलाई व्यापकता दिने उद्देश्यले वि.सं. २०५० मा दूर शिक्षा केन्द्रको स्थापना भयो ।
- नेपालले नवौं पञ्चवर्षीय योजनादेखि आवधिक योजनामा औपचारिक रूपमा खुला शिक्षाको अवधारणा अगाडि ल्याएको हो ।
- वि.सं. २०६१ देखि दूर शिक्षा केन्द्रले शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत दूर शिक्षा तथा खुला सिकाइ महाशाखाको रूपमा दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रमको नियमन, सञ्चालन र व्यवस्थापन गर्दै रहेको छ ।
- वि.सं. २०६३ मा अनौपचारिक शिक्षा नीति लागु भएपछि शिक्षा विभागमार्फत अनौपचारिक प्रौढ विद्यालय (FSP २३५ ओटा, आधारभूत तहको प्रौढ गृहिणी विद्यालय ३३३ ओटा, माध्यमिक तहको प्रौढ गृहिणी विद्यालय ३३ ओटा), अनौपचारिक शिक्षा केन्द्रमार्फत निम्न माध्यमिक तहको खुला विद्यालय ३७ ओटा र शैक्षिक जनशक्ति केन्द्रमार्फत माध्यमिक तहको खुला विद्यालय ८४ ओटा सञ्चालन भएका छन् ।
- केही संस्थाहरूले भारतमा स्थापना भएका खुला विश्व विद्यालय तथा खुला विद्यालयमार्फत सम्बन्धन लिएर कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

## मौजुदा नीतिगत व्यवस्था

क) अनौपचारिक शिक्षा नीति २०६३ : खुला विद्यालयमार्फत विद्यालय तहको समकक्षी शिक्षा उपलब्ध गराउने, खुला विश्व विद्यालयमार्फत उच्च तहको समकक्षी शिक्षा उपलब्ध गराउने ।

ख) विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-७२) :विविध आवश्यकता पुरा गर्न लागत साझेदारीका आधारमा खुला र दूर शिक्षा तथा लचिला विद्यालयको विस्तार, पिछडिएका बालबालिकाका लागि निःशुल्क वैकल्पिक शिक्षाको प्रावधान, वैकल्पिक बन्दोबस्त गरी व्यवसायिक सिपमा जोड दिने गरी

प्राविधिक शिक्षाको व्यवस्था गर्ने ।

ग) तेरौँ योजना (२०७०/७१-२०७२/७३) : निःशुल्क अनिवार्य आधारभूत शिक्षामा पहुँच विस्तार गर्न वैकल्पिक शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित र समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिने, मानित विश्व विद्यालय, खुला विश्व विद्यालयको अवधारणालाई प्रोत्साहित गर्नुका साथै कानुनी संरचनामा सुधार गरी कार्यान्वयन गरिने ।

घ) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६३ (चौथो संशोधन २०७२) : विद्यालय तहको शिक्षाबाट बञ्चित समूहलाई कक्षा ६-१२ सम्मको विद्यालयीय शिक्षा खुला विद्यालयमार्फत प्रदान गर्ने, विद्यमान विद्यालय शिक्षाको गुणस्तरका लागि सञ्चालित सहयोग कार्यक्रम अन्तर्गत शिक्षक तालिम, एसएलसी सहयोग कार्यक्रम, जीवनपर्यन्त शिक्षा, पेसागत दक्षता अभिवृद्धि तथा ज्ञान र सिप प्रमाणीकरण तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूका लागि दूर शिक्षा/खुला सिकाइको माध्यमबाट शिक्षा एवम् तालिमका थप अवसरहरू उपलब्ध गराउने ।

ङ) खुला शिक्षा तथा दूर सिकाइ नीति २०६३ : विभिन्न चाहना भएका सिकारुहरूका लागि शिक्षामा पहुँचको विस्तार गर्ने, परम्परागत शिक्षाको गुणस्तर वृद्धि गर्ने, जीवनपर्यन्त शिक्षा र पेशागत विकासको अभिवृद्धि गर्ने, ज्ञान र सिपको प्रमाणीकरण गर्ने पद्धतिको स्थापना गर्ने

**२०६३ सालमा स्वीकृत खुला शिक्षा तथा दूर सिकाइ सम्बन्धी नीतिगत रुपरेखामा खुला विद्यालय सम्बन्धमा निम्नअनुसार कार्यनीतिको व्यवस्था गरिएको छ :**

- विद्यमान परम्परागत शिक्षाको विकल्पमा पढ्न चाहने गरिब, महिला र अवसरबाट बञ्चित नागरिक आदिलाई शिक्षाको पहुँचभित्र ल्याउन विद्यालय र उच्च शिक्षामा समेत खुला र दूर सिकाइ प्रणालीको स्थापना गर्ने
- खुला र दूर सिकाइ प्रणालीअन्तर्गत साधारण र व्यावसायिक गरी दुई किसिमको खुला शिक्षाको व्यवस्था गर्ने । साधारण र व्यावसायिक दुवैका लागि राष्ट्रिय पाठ्यक्रमको ढाँचाअन्तर्गत नै समय, भौगोलिक तथा शैक्षिक अवस्थासमेतलाई दृष्टिगत गरी अध्ययन रणनीतिलाई खुकुलो अथवा लचिलो बनाउने प्रक्रिया प्रस्तुत गर्ने
- नीति निर्माण तथा सम्पूर्ण कार्य सञ्चालन गर्न सक्ने अधिकारयुक्त अर्धस्वायत्त राष्ट्रिय स्तरको उच्चस्तरीय परिषद् गठन गरी खुला तथा दूर सिकाइलाई संस्थागत गर्ने
- सरकारले आर्थिक लगायतका मुख्य मुद्दासहित संस्थागत निरन्तरता दिन निजी, गैरसरकारी तथा अन्य संस्थाहरूसँग साझेदारी विकास गर्न उपयुक्त प्रणालीको विकास गर्ने ।

च) राष्ट्रिय स्तरका आयोगका प्रतिवेदनहरू : राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ अनुसार दूर शिक्षा तथा खुला सिकाइमार्फत विद्यालय शिक्षा प्रदान गरिने ।

छ) सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००१-२०१५ : सबैका लागि शिक्षाका लक्ष्यहरूको प्राप्तिका लागि र आजीवन सिकाइको अभिवृद्धिका निमित्त खुला सिकाइका अवसरहरूको सिर्जना गरिने ।

(ज) शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ : शिक्षण शिक्षा र शिक्षक तालिम, विद्यालय शिक्षा सम्बन्धमा र खुल्ला शिक्षा सम्बन्धी अन्य कार्यक्रमका सम्बन्धमा दूर शिक्षा प्रदान गर्न सकिने, दूर शिक्षा सम्बन्धी नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापन गर्नका लागि शिक्षा सचिवको अध्यक्षतामा दूर शिक्षा समितिको व्यवस्था, कुनै संस्थाले दूर शिक्षा सञ्चालन गर्न चाहेमा दूर शिक्षा समितिबाट स्वीकृति लिनुपर्ने ।

झ) नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०६३ : अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणित हुन नसकेका र औपचारिक शिक्षा (विद्यालय शिक्षा) मा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरण गरी निर्दिष्ट औपचारिक शिक्षाभित्रको कक्षामा प्रवेश गर्न पाउने अवसर खुला गरिने, विविध कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई खुला शिक्षाको व्यवस्था गरी औपचारिक शिक्षा सरहकै विद्यालय शिक्षा लिन पाउने संस्थागत विकास गरी कार्यक्रमलाई योजनाबद्ध ढङ्गबाट सञ्चालन गरिने ।

## हाल खुला तथा वैकल्पिक विद्यालयको सञ्चालन अवस्था

विद्यालय शिक्षाको पहुँचबाहिर रहेका बालबालिकालाई दृष्टिगत गरी सबैका लागि शिक्षाको अवसर प्रदान गर्ने सिलसिलामा हाल भइरहेको औपचारिक शिक्षा पद्धतिका अतिरिक्त स्वाध्यायन र अभ्यासद्वारा आफ्नो अनुकूलको समय मिलाएर आफ्नै क्षमता र गतिमा विद्यालय शिक्षाको अवसरबाट बञ्चित, पिछडिएका समुदाय, जनजाति, महिला आदिका लागि शिक्षाको अवसर वृद्धि गर्नका लागि निम्नबमोजिम खुला तथा वैकल्पिक विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

| कार्यक्रम | खुला विद्यालय मा.वि. | खुला विद्यालय नि.मा.वि. | अनौपचारिक प्रौढ विद्यालय (गृहिणी विद्यालय) |
|---|---|---|---|
| सङ्ख्या | ८४ | ३७ | अनौपचारिक प्राथमिक शिक्षा २३५ गृहिणी (आधारभूत ३३३ र माध्यमिक ३३) |
| बजेट (वार्षिक अनुदान) | १ लाख १० हजार | १ लाख ६९ हजार २ सय (दुवै तह सञ्चालन भएकामा) (खुला विद्यालय कक्षा ६-८ अभिमुखीकरण पुस्तिका २०७१) | अनौपचारिक प्राथमिक शिक्षा (स.का. तलव मासिक रु २ हजार र पा.पु. अन्य विद्यार्थी सरह) गृहिणी (आधारभूत ९० हजार र माध्यमिक १ लाख ५० हजार) |
| नियमन गर्ने निकाय | शै.ज.वि.के. | अनौपचारिक शिक्षा केन्द्र | शिक्षा विभाग |
| स्वीकृति दिने निकाय | दूर शिक्षा समिति | जिल्ला शिक्षा कार्यालय | जिल्ला शिक्षा कार्यालय |
| कार्यक्रम सञ्चालन गर्ने अवधि | १ वर्ष | २ वर्ष | प्रा. तह ३ वर्ष, नि.मा. तह २ वर्ष र मा. तह १ वर्ष गरी ६ वर्ष |
| पाठ्यक्रम | औपचारिक विद्यालयको पाठ्यक्रम | संश्लेषित पाठ्यक्रम | प्रा. र नि.मा. तहको संश्लेषित पाठ्यक्रम मा. तहको औपचारिक विद्यालयको पाठ्यक्रम |
| कक्षा सञ्चालन अवधि | ५ दिनका दरले ७ पटक सम्पर्क कक्षा | दैनिक २ घण्टाका दरले हप्तामा ६ दिन | दैनिक २ घण्टाका दरले हप्तामा ६ दिन |

| | | | |
|---|---|---|---|
| पाठ्य सामग्री | शै.ज.वि.केले तयार गरेको स्वाध्यायन सामग्री र औपचारिक विद्यालयको पाठ्य पुस्तक | अनौपचारिक शिक्षा केन्द्रले तयार गरेको स्वाध्यायन सामग्री | अनौपचारिक शिक्षा केन्द्रले तयार गरेको स्वाध्यायन सामग्री र माध्यमिक तहको लागि औपचारिक विद्यालयको पाठ्य पुस्तक समेत |

**स्रोत : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७१/७२, शिक्षा विभाग**

## दूर तथा खुला शिक्षामा समस्याहरू

(१) औपचारिक शिक्षाको पूरक वा समानान्तर भन्ने सम्बन्धमा नीतिगत अस्पष्टता

(२) एकभन्दा बढी निकायबाट भिन्न भिन्न निर्देशिकाबमोजिम एकै प्रकृतिका विद्यालय सञ्चालन गर्दा एकरूपताको अभाव

(३) जहाँ पनि, जहिले पनि सिक्ने अवसर र वातावरण भएको खुला शिक्षा व्यवस्थाको अभाव

(४) परम्परागत ज्ञान, सिपको विविधतालाई स्वीकार र वैधानिकता दिने माध्यम बन्न सकेन

(५) सञ्चालन, नियमन, अनुगमन, मूल्याङ्कन जस्ता कार्यहरूमा फरक पन, द्विविधा र अन्योल

(६) सिकारुको माग र आवश्यकताबमोजिमको शिक्षा विषयभन्दा निर्धारित पाठ्य वस्तुमा आधारित ज्ञान, सिप हासिल गर्नुपर्ने बाध्यता

(७) अध्ययन, सहभागितापश्चात् परीक्षण, मूल्याङ्कन, प्रमाणीकरण र वैधता सम्बन्धमा स्पष्ट व्यवस्था नहुनु

(८) आवश्यक, उपयुक्त, पर्याप्त सिकाइ सामग्रीको उपलब्धता नहुनु

(९) प्रभावकारी व्यवस्थापन र सहज पहुँचको लागि आवश्यक स्रोत साधनको अभाव

(१०) कार्यक्रमको व्यापकता हुन नसक्नु

(११) सम्बन्धित विषयका प्राज्ञिक तथा प्राविधिक जनशक्तिको अभाव

(१२) दूर शिक्षा तथा खुला विद्यालयप्रति आम जनमानसमा सकारात्मक सोचको अभाव गुणस्तर, सान्दर्भिकता र विश्वसनीयतामा कमी

(१३) निजी क्षेत्रसँग साझेदारी हुन नसक्नु जसले गर्दा स्रोतको सीमितता र कार्यक्रम व्यापक बनाउन नसकिनु

## भावी कार्य दिशा

(१) दूर शिक्षा सम्बन्धी राष्टिय नीति, ऐन, नियम तर्जुमा

दूर शिक्षा सम्बन्धी राष्ट्रिय नीति, ऐन, नियम तर्जुमा आवश्यक छ । खुला विद्यालयलाई औपचारिक विद्यालयको पूरक वा समानान्तर पद्धतिका रूपमा सञ्चालन गर्ने । पूरक भए औपचारिक शिक्षासँग जोडिने आधार स्पष्ट बनाइनुपर्ने । समानान्तर पद्धति भए खुला शिक्षाको आधारभूत तहदेखि उच्च शिक्षासम्मको संरचनात्मक व्यवस्था हुनुपर्ने । नीतिगत स्पष्टता हुनुपर्ने जरुरी देखिन्छ ।

(२) दूर शिक्षा तथा खुला सिकाइ सञ्चालन गर्ने छुट्टै केन्द्रीय निकाय, विश्व विद्यालय, विद्यालयको व्यवस्था गर्ने ।

(३) सान्दर्भिक पाठ्यक्रम

निश्चित पाठ्यक्रममा आधारित भन्दा सिकारुका विविध रुचि, आवश्यकता, क्षमताबमोजिमको शिक्षा हासिल गर्ने, मूल्याङ्कन र प्रमाणीकरण हुने व्यापक विकल्पसहितको शैक्षिक व्यवस्था र संरचना बढी उपयुक्त र सान्दर्भिक हुन सक्छ ।

(४) औपचारिक र खुला शिक्षाबिचको समन्वय :

शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र र शिक्षा विभागले एकै प्रकृतिका खुला विद्यालय सञ्चालन गरिरहेकोमा एउटै निकायले सञ्चालन गर्ने वा एउटै निर्देशिका बमोजिम सञ्चालन गर्ने वा अनुमति, स्वीकृति, नियमन, अनुगमन कार्यबिच समन्वय गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गर्ने ।

(५) उपयुक्त र पर्याप्त स्रोत सामग्रीको व्यवस्था :
निश्चित पाठ्यक्रममा आधारित औपचारिक शिक्षाको जस्तो पाठ्य वस्तु किटानभन्दा विविध क्षेत्र, ज्ञान, सिपसँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको उत्पादन र विकासमा जोड दिई सिकारुका विविध रुचि, आवश्यकता, क्षमता बमोजिमको शिक्षा हासिल गर्ने अवसरलाई सहज र व्यापक बनाउने खालका सिकाइ सामग्रीहरूसमेतको व्यवस्था गर्ने

(६) सूचना तथा सञ्चार प्रविधिको उपयोग विस्तार गर्ने । online/offline सिकाइ सामग्रीहरूसमेतको व्यवस्था गर्ने ।

(७) परम्परागत ज्ञान, सिपको प्रमाणीकरण र विस्तारको उचित व्यवस्था
स्थानीय स्तरमा रहेका परम्परागत सिप, ज्ञानलाई खुला तथा वैकल्पिक शिक्षाको विषयका रूपमा स्वीकार गरी उक्त ज्ञान, सिपको प्रबदर्धन र वैधता प्रदान गर्न खुला तथा वैकल्पिक शिक्षाको पाठ्यक्रममा समायोजन गर्न सकिन्छ ।

(८) आवश्यक स्रोत साधनको व्यवस्था गर्ने

(९) आवश्यक दक्ष जनशक्ति विकास र उपयोग गर्ने

१०) खुला सिकाइको व्यापक अवसरको सिर्जना गर्ने

हाल सञ्चालनमा रहेका खुला तथा वैकल्पिक विद्यालयहरू निश्चित स्थान, समयमा सञ्चालन भएकोमा जुनसुकै स्थान, समय, परिवेशमा शिक्षा लिन चाहनेहरूका लागि खुला रूपमा सिक्ने अवसर, सिकेका ज्ञान सिपको प्रमाणीकरण र वैधता प्रदान गरिनु उपयुक्त देखिन्छ ।

(११) मूल्याङ्कन, प्रमाणीकरण र वैधताको उचित व्यवस्थागर्ने :

हालको अनौपचारिक प्राथमिक शिक्षा, आधारभूत तहको गृहिणी विद्यालयमा सहभागी सिकारु वा विद्यार्थीहरूको मूल्याङ्कन, प्रमाणीकरण र वैधता सम्बन्धमा स्पष्ट व्यवस्था रहेको पाइँदैन । वैकल्पिक तथा खुला शिक्षामा सहभागी हुनेहरूको सिकाइको प्रमाणीकरण र वैधताको स्पष्ट व्यवस्था हुनु आवश्यक छ ।

(१२) निजी क्षेत्रसँगको साझेदारीमा खुला शिक्षा कार्यक्रम सञ्चालन गर्ने :
आवश्यकतानुसारका लचिला कक्षा केन्द्र, सम्पर्क केन्द्र, स्वाध्यायन एवम् सिकाइ सामग्री व्यवस्था, सहजकर्ताको व्यवस्था, प्रविधिको प्रयोग, मूल्याङ्कन र प्रमाणीकरणका लागि ठुलो मात्रामा लगानी गर्नु स्वाभाविक छ । तसर्थ सरकारी, निजी तथा दातृसमूह समेतको सहयोगमा स्रोत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

एक्काइसौँ शताब्दीको ज्ञानको क्षेत्रको विविधतालाई सूचना सञ्चार प्रविधिको माध्यमबाट विविध आवश्यकता, चाहना र क्षमताका सिकारुमा उपलब्ध हुने उपयुक्त वातावरण सिर्जना गर्नमा दूर शिक्षा तथा खुला सिकाइ पद्धति अति उपयोगी हुने देखिन्छ । तसर्थ सिकारुको माग, चाहना र आवश्यकता सम्बोधन गर्न राज्य वा शिक्षा प्रदायक निकायले औपचारिक शिक्षाको विकल्प वा पूरकका रूपमा आवश्यकीय स्रोत साधन, शैक्षिक सामग्री, व्यवस्थापन दक्षता र प्रभावकारिताका साथ दूर शिक्षा तथा खुला सिकाइ पद्धतिलाई सञ्चालन एवम् व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

**सन्दर्भग्र सूची**

शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९

अनौपचारिक शिक्षा केन्द्र, साक्षरता विशेषाङ्क २०७१, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७१, सानोठिमी, भक्तपुर

शैक्षिक जनशक्ति विकास केन्द्र, खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका, २०६७, सानोठिमी, भक्तपुर

शैक्षिक जनशक्ति विकास केन्द्र, अनलाइन/अफलाइन पेसागत क्षमता विकास तालिम सञ्चालन पुस्तिका, २०६८, सानोठिमी, भक्तपुर

शैक्षिक जनशक्ति विकास केन्द्र, माध्यमिक तहको खुला विद्यालय सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम पुस्तिका, २०६७, सानोठिमी, भक्तपुर

अनौपचारिक शिक्षा केन्द्र, खुला विद्यालय (कक्षा ६-८) अभिमुखीकरण पुस्तिका २०७१, सानोठिमी, भक्तपुर ।

अनौपचारिक शिक्षा केन्द्र, अनौपचारिक प्रौढ विद्यालय परिचयात्मक पुस्तिका, २०७१, सानोठिमी, भक्तपुर ।